म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ५२ शुक्रबार ४ असोज २०८१ ने. सं. ११४४ ज्लाथ्व 20 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

PEAK GRAND OPENING ERKE
असोज १ गतेबाट हजुरहरुमाझ
Peak & Erke authorised showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५४०७०१५६

हेटौंडामा मनाइयो संविधान दिवस, खेलाडी र विद्यार्थी पुरस्कृत

सभामुख पाठकको अघोषित बहिष्कार

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ बागमती प्रदेश सरकारले हेटौंडामा संविधान दिवस मनाएकोछ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा एक समारोहबीच संविधान दिवसको अवसरमा औपचारिक कार्यक्रम गरिएको थियो ।

बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा भएको औपचारिक कार्यक्रममा मुख्यमन्त्री बहादुरसिं लामा र बागमतीका संस्थापक मुख्यमन्त्री डोरमणि पौडेलको विशेष आतिथ्यता थियो । बागमती प्रदेशका प्रदेशप्रमुख देवकोटाले संविधानले जनताको अधिकारलाई आत्मसात् गरेको बताए । संविधानले राष्ट्रको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई संरक्षण गरेको देवकोटाले बताए ।

उनले इतिहासमा पहिलो पटक जनताद्वारा निर्वाचित जनप्रतिनिधिले संविधानसभामार्फत् जारी भएको संविधान आफैंमा उत्कृष्ट रहेको दाबी गरे । जनताको प्रतिस्पर्धामक बहुदलीय लोकतान्त्रिक शासनप्रणाली, निष्पक्ष तथा सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा संविधानको मुख्य विशेषता रहेको उनको भनाई छ । 'संविधानले नागरिक स्वतन्त्रता, मौलिकअधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्रताको विशेषता बोकेको छ ।' उनले भने ।

मुख्यमन्त्री लामाले संविधानले सार्वभौमसत्ता जनतामा निहित गरेको बताए । मुलुकलाई

सामाजिक न्याय सहितको आर्थिक समृद्धिको दिशातर्फ अघि बढाउनुपर्ने दायित्व प्राप्त भएको बताए । संविधानले तीन तहका सरकारले पुरा गर्ने गरी जिम्मेवारी निर्दिष्ट गरेको उनले जनाए । संविधान जारी भएपश्चात् स्थापना भई शून्य अवस्थाबाट प्रदेश सरकारले आफैंले कानुन निर्माण गरी सेवाप्रवाह गर्दै आइरहेको बताएका छन् ।

प्रदेश सरकार स्थापना भएपछि बजेट र कानुनमा जनताको पहुँच विस्तार भएको बताउँदै विगतमा सामर्थ्य र पहुँचको अभावमा सिंहदरबारको गेटबाटै फर्कने योजना, गुनासो र सुझावहरु हाल प्रदेश सरकारबाट सम्बोधन भएको मुख्यमन्त्री लामाले दाबी गरे । तथ्यगत विश्लेषण गर्दा प्रदेश सरकार खर्चप्रणालीमा मितव्ययी रहेको पुष्टि हुँदै गएको उनले बताए । बागमती प्रदेशको आर्थिक क्षमताको तुलनामा भएका प्रगतिहरु उपलब्धिमूलक रहेको उनले बताए ।

यसैगरी, समारोहमा निमन्त्रणा गरिएका बागमतीका सभामुख भुवनकुमार पाठक अनुपस्थित रहे । २०७९ मा सभामुख नियुक्त हुनुअघि पाठक राप्रपामा आवद्ध थिए । २०७९ यता बागमती प्रदेश सरकारको आयोजनामा हुँदै आएका संविधान दिवस र गणतन्त्र दिवसका अवसरमा आयोजित कार्यक्रममा सभामुख पाठक अनुपस्थित रहने गरेका छन् । उनी विगतमा आवद्ध रहेको दल राप्रपाले २०७२ मा बनेको संविधानको राजनीतिक एजेण्डाका रुपमा विरोध गर्दै आइरहेको छ । जब की, पाठक नै सोही संवैधानिक व्यवस्थाबाट गठित प्रदेश संरचनाको महत्वपूर्ण ओहदा सभामुख पदमा आसिन छन् ।

प्रदेशमा यसअघि मनाइने गरेको संविधान दिवस र गणतन्त्र दिवसको औपचारिक कार्यक्रममा सभामुख पाठकका लागि मञ्चमा सोफा राखिने गरेकोमा कार्यक्रमभर सोफा खाली नै रहने गरेको थियो । यस वर्षदेखि सभामुखका लागि छुट्टै सोफा नराखिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय स्रोतले जनाएको छ ।

खेलाडी र विद्यार्थी पुरस्कृत

संविधान दिवसका अवसरमा खेलकुद प्रतियोगितामा ऐतिहासिक पदक जित्ने खेलाडीदेखि प्रदेशका उत्कृष्ट विद्यालय र विद्यार्थीलाई सम्मान र पुरस्कृत गरिएको छ । पारा ओलम्पिकमा ऐतिहासिक कास्यपदक विजेता पलेश गोवर्द्धनलाई १० लाख रुपैयाँसहित पुरस्कृत गरिएको थियो । उनलाई युवा तथा खेलकुद मन्त्रालयले हेटौंडा नगर परिक्रमा गराइएको थियो । सम्मानस्वरुप पलेशाका प्रशिक्षक कविराज नेगीलाई २ लाख र नेपाल तेक्वान्दो संघ बागमती प्रदेश समितिलाई एक लाख रुपैयाँ प्रदान गरिएको छ ।

करातेमा १९ औं एसियाली खेलकुदअन्तर्गत् महिला ६८ केजी तौल समूहमा रजतपदक जितेकी एरिका गुरुङलाई ५ लाखसहित पुरस्कृत गरिएको छ । एरिकाको प्रशिक्षक कुशल श्रेष्ठलाई एक लाख र नेपाल कराते महासंघ बागमती प्रदेश समितिलाई एक लाख रुपैयाँ प्रदान गरिएको छ । एरिका र कुशल भने एसियाली च्याम्पियनसिप खेल्न चीनमा छन् ।

यसैगरी, गत वर्षको एसइईमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई नगदसहित पुरस्कृत गरिएको छ । काठमाडौं उपत्यकाका १३ र चितवनका दुई गरी १५ जना विद्यार्थीलाई पुरस्कृत गरिएको सामाजिक विकास मन्त्रालयले उल्लेख गरेको छ । प्रदेशप्रमुख देवकोटा, मुख्यमन्त्री लामा र पूर्वमुख्यमन्त्री पौडेलले संयुक्तरुपमा उत्कृष्ट विद्यार्थीलाई नगद २०, १५ र १० हजार रुपैयाँसहित प्रमाणपत्र दिए ।

संविधान दिवस मूल समारोह समितिद्वारा संविधान दिवसका अवसरमा चार दिनसम्म विविध कार्यक्रम आयोजना गरिएको थियो । समारोहकै बीच भलिबल प्रतियोगिता, क्याम्पसस्तरीय निबन्ध लेखन प्रतियोगिताका विजेतालाई पुरस्कार वितरण गरिएको थियो । ३ र ४ असोजको साँझ विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय एवम् सर्वसाधारण नागरिकले आआफ्नो घरमा दीपावली गरी संविधान दिवस मनाउन आव्हान गरिएको आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले बताए ।

हेटौंडामा भित्रियो टिभिएसको दुई नयाँ मोडल

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ टिभिएसको दुई नयाँ मोडल हेटौंडामा सार्वजनिक गरिएको छ । टिभिएस कम्पनीको हेटौंडाको आधिकारिक बिक्रेता हेटौंडा अटो मार्टसले असोज ३ गते शुक्रबार मोडल सार्वजनिक गरेको हो ।

टिभिएसको नेपालका लागि आधिकारिक बिक्रेता जगदम्बा मोटर्सको आधिकारिक बिक्रेता हेटोंडा अटोमार्टमा टिभिएसको रेडर (एफआई) र रेडिअन (एफआई) सार्वजनिक गरिएको हो । नयाँ पुस्ताका राईडरलाई ध्यानमा राखी दुई मोडल तयार गरिएको कम्पनीको दाबी रहेको छ ।

टिभिएसको रेडर (एफआई) र रेडिअन (एफआई) फ्युल ईन्जेक्सन भेरिएन्ट ग्राहकको चाहनाअनुसार तयार गरिएकोले यसले सजिलै ग्राहकको मन जित्ने

हेटौंडा अटो मार्टका सञ्चालक प्रवेशराज बस्वालले बताए । यी दुबै मोडलमा आधुनिक डिजाइन भएको र यसले ईन्धनको प्रयोगलाई किफायती बनाउने हेटौंडा अटोमार्टका अर्का सञ्चालक कञ्चन बुढाथोकीले बताए । टिभिएसको रेडर (एफआई)को मूल्य २ लाख ९२ हजार ९०० र रेडिअन (एफआई) को मूल्य २ लाख ३६ हजार ९०० रहेको छ ।

६ नम्बर वडा कार्यालय भवनको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ हेटौंडा उपमहानगरपालिका-६ नम्बर वडा कार्यालय भवनको शिलान्यास गरिएको छ । हेटौंडा उपमहानगरपालिका उपमेयर राजेश बानियाँले नयाँ भवनको शिलान्यास गरेका हुन् ।

शिलान्यास गर्दै उपमेयर बानियाँले नयाँ भवन निर्माणपछि जनताको काम अझ चाँडो हुने बताए । उपमेयर बानियाँले समयमै निर्माण सक्न निर्माण कम्पनीलाई आग्रह गर्दै जनतालाई सहजढंगले सेवा दिन जनप्रतिनिधि सदैव क्रियाशील हुनपर्नेमा जोड दिए ।

चौघडाको बंशगोपाल मन्दिरक्षेत्रमा निर्माण हुने वडा कार्यालय भवन ५ कोठाको हुनेछ । १८ महिनामा निर्माण सक्ने गरी एक्सिस एशियन कन्स्ट्रक्सन कम्पनी प्रालिसँग ठेक्का सम्झौता भएको यो वडा कार्यालयको भवन निर्माणको लागि १ करोड रुपैयाँ खर्च लाग्ने सघन सहरी तथा भवन निर्माण चितवनका ईन्जिनियर रविन पाठकले बताए ।

हाल वडा कार्यालय रहेको भवन साघुरो र कोठा अपुग हुनुको साथै पार्किङको समेत समस्या भएको भन्दै सेवाग्राहीले गुनासो गर्दै आएका थिए । कार्यक्रममा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, वडासदस्य लेखराज ढकाल, विजय पौडेल, सरिता सापकोटा, पूर्ववडासदस्य शुभद्रा तिमल्सिना, वडासचिव आमोद मैनाली, सञ्चारकर्मी, वडावासी लगायतको उपस्थिति रहेको थियो ।

HetaudaCityCollege.edu.np
ADMISSION OPEN

" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE (Affiliated to TU)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपुर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०९४१५, ९८१७०२८४६१४, ९८४५२२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N_2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

ओझेलमा परेको 'शंखमूल'

शालिग्राम पाइने नदी नेपालमा मात्रै छ संसारमा कतै छैन । शालिग्रामको धार्मिक महत्व कति छ भन्नेतिर बहसमा अहिले नलागौं । तर, कालीगण्डकीमा शालिग्राम पाइन्छ । त्यस्तै मानवको भौतिक शरीरको अन्त्येष्टि गर्ने क्रममा धार्मिक दृष्टिकोणले महत्वपूर्ण स्थानका रुपमा लिइने शंखमुल संसारमै तीन स्थानमा रहेका छन् । त्यसमध्ये दुईवटा नेपालमा रहेको बताइन्छ । थाहा नगरपालिकास्थित ऐतिहासिक शंखमूल भने ओझेलमा परिरहेको छ । थाहानगरको वडा नं २ र ३ को बीचमा रहेको शंखमुल पबित्र तीर्थस्थल पनि हो । तर, यस स्थानमा भौतिक शरीरको दाहसंस्कार गर्नेभन्दा बाहेक केही भएको छैन । काठमाडौंस्थित शान्तिधामका मठाधीश १००८ स्वामी चतुभुजाचार्य चूडामणि महाराजले शंखमूलको नेपालमहात्मे हिम्मवतखण्डमा उल्लेख भएको पौराणिक धार्मिक महत्वबारे स्थानीयलाई जानकारी गराएका छन् । मंगलबार शंखमूलमै आयोजना गरिएको कार्यक्रममा चूडामणिले थाहा-३, स्थित पौराणिक ऐतिहासिक शंखमूलको शास्त्रीय प्रमाणका आधारमा संरक्षण तथा विकास गर्ने उद्देश्यसम्बन्धी धार्मिक महत्वबारे प्रकाश पारेका थिए । हाम्रो आंगनमा रहेको शंखमूलको महत्वबारे पनि हामीलाई जानकारी नहुनु बिडम्बना नै हो ।

विश्वका तीन शक्तिशाली शंखमूलमध्ये थाहामा रहेको यस शंखमूलको समग्र विकासका लागि सबै मिलेर अगाडि बढ्नुपर्ने बताइएको छ । शंखमूलको पूर्वाधारसँगै धार्मिक पर्यटनका हिसाबले विकास गरिने योजना नगरपालिकाले प्रस्तुत गरेको छ । शंखमूल नजिकै रहेका ऐतिहासिक पाण्डुकेश्वर मन्दिर, भद्रतीर्थको पनि विकास गरिने भएको छ । त्रिवेणी शंखमूल थाहानगरको प्रशिद्ध धार्मिकस्थल हो । पालुङको शंखमूलसहित काठमाडौंको पशुपतिनाथको शंखमूल र भारतको एउटा शंखमूललाई विश्वको तीन शक्तिशाली शंखमूलको रुपमा लिइने गरिएको छ । पौराणिक महत्वअनुसार पालुङको शंखमूलको समग्र विकास आवश्यक रहेको र यसलाई तीव्रता दिइने बताइएको छ । शंखमूलमा मन्दिर, पुष्पबाटिका, किरियापुत्री घर, धर्मशाललगायत पूर्वाधारका संरचना निर्माण गर्ने योजना रहेको छ । शंखमूलसँगै रहेको पुरानो सरस्वती मन्दिरको पनि संरक्षण गरिने योजना बनाएको भएपनि बजेटको सुनिश्चितता भने देखिएको छैन । शंखमूललाई थाहा नगरपालिकाको प्रमुख धार्मिक पर्यटनको दृष्टिकोणले विकास गर्ने योजना छ । शंखमूलको विकासका लागि यसअघि नै विस्तृत सम्भाव्यता अध्ययन (डीपीआर) निर्माण भइसकेको छ । लवशेर बिष्ट नगर प्रमुख भएको समयमा बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले डीपीआरअनुसारका पूर्वाधार निर्माण गर्न शिलान्यास गरेका थिए । दामनपालुङको घट्टेखोला, घर्तीखोला, फेरीगाउँबाट बग्ने खोलाको त्रिवेणी रहेको शंखमूल संरक्षणका लागि तटबन्ध गर्ने, शंखमूलमा एक सय आठ धारा निर्माण गर्ने, किरियापुत्री बस्ने सेड निर्माण गर्ने, स्थानीय गोपाली समुदायका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण गर्ने कार्य सुरुवात गरेको भएपनि पर्याप्त बजेटको अभावका कारण समयमै निर्माण गर्न नसकिएको बताइएको छ ।

आगामी दिनमा सबै मिलेर शंखमूललाई उच्चकोटीको धार्मिक पार्क बनाउनु पर्नेछ । चतुभुजाचार्य चूडामणि महाराजले शंखमूलको समग्र विकासमा लाग्न स्थानीय सरकार र नगरबासीलाई अनुरोध गरेका छन् । उनले धार्मिक पर्यटनको सम्भावना बोकेको शंखमूलको पौराणिक महत्वअनुसार विकास गर्नुपर्नेमा जोड दिए । चूडामणि महाराजले शंखमूलको धार्मिक प्रमाणहरु प्रस्तुत गरेका थिए । धार्मिक हिसाबले थाहा नगरपालिका यसै प्रख्यात छ । शंखमूल मात्र नभई यहाँ ऐतिहासिक ऋषेश्वर मन्दिर, पाण्डुकेश्वर मन्दिर, इन्द्रायणीमाई, बज्रवाराहीमाई, स्वचन्दभैरव, पाथीभरा मन्दिर, गोरखनाथधाम प्रमुख धार्मिक क्षेत्र हुन् । धार्मिक क्षेत्रले प्रख्यात थाहाले सांस्कृतिक सहरको परिचय पनि बनाएको छ । यहाँ हरेक वर्ष थुप्रै धार्मिक तथा सांस्कृतिक कार्यक्रमको आयोजना हुने गरेको छ । पर्यटकीय दृष्टिकोणले थाहानगर सम्भावना भएको क्षेत्र हो । चिल्लाड, टिस्टुडको नर्वेढुंगा, खुकुरीपार्क, मुलाबारीचौर, दामन, सीमभञ्ज्याङ, कोटथुम्की पर्यटकीय क्षेत्रमा प्रकृतिले दिएका वर दान हुन् । थाहानगरका अधिकांश नागरिकको मुख्य पेसा कृषि हो । थाहानगरको अर्को महत्वपूर्ण विशेषता भनेको कृषिपर्यटन पनि हो ।

संविधान दिवस: आज म जीवित छु मात्र भन्न चाहें

✍ मोहना अन्सारी

संविधान निर्माणलाई लिएर दलहरूबीच निकै मतभिन्नता थियो । देशका विभिन्न ठाउँमा प्रदर्शन र झडप भइरहेका थिए । कतिपय ठाउँमा भइरहेका शान्तिपूर्ण आन्दोलनमाथि सुरक्षाकर्मीले गर्ने व्यवहार राम्रो थिएन । बिना माइकिङ, एक्कासी अश्रुग्यास प्रहार र गोली हान्ने घटनाले आन्दोलनकारीको व्यवहार हिंसक हुन थालेको थियो । संयमित भिडमा भन्दा घरमा खेलिरहेका नाबालक, आन्दोलनको हिस्सा नभएका व्यक्तिहरूको हत्याले आन्दोलनकारीलाई मसला दिइरहेको थियो । अर्कोतिर, शीर्षस्थ नेतृत्व, विशेष गरेर पूर्वप्रधानमन्त्री भइसकेका र लामो समय पार्टीको नेतृत्व सम्हालेका व्यक्तिहरूको बोली निकै असंयमित थियो ।

यिनै वक्तव्यबाजीले आन्दोलनकारीहरूले मौका पाए र ती वक्तव्यबाजीमा आएका शब्दहरूलाई भन् तिलको पहाड बनाएर समाजमा प्रस्तुत गर्न थाले । जसले गर्दा आन्दोलनमा नागरिक सहभागिता बढ्न थाल्यो । प्रदेश संरचनामा ६ वटा प्रदेश राख्ने भन्ने दलहरू बीचको सहमतिले कर्णालीमा आन्दोलन चर्कियो । कर्णालीमा समुदायलाई उद्वेलित बनाउन दुईवटा कुरा भनियो ।

पहिलो, सुर्खेत र कर्णालीका सबै नागरिकहरूलाई कर बुझाउन डडेल्धुरा जानुपर्छ । दोस्रो, सिंगो कर्णाली अब सुदूरपश्चिमको नामले चिनिनेछ । कर्णाली विश्व मानचित्रबाट मेटिने छ । यस्ता कुराहरूले दलहरूको अस्तित्वमा नै चुनौती थप्यो र पृतिष्ठाको लडाईं सुरु भयो । सरकारमा रहने दलले समुदायमा नकारात्मक कुरा पुऱ्याइहाल्ने र जनतालाई आन्दोलनमा ल्याउन यिनै नकारात्मक कुराहरूले मलजल गऱ्यो । सुर्खेतमा गोली चल्यो र दुईजनाको ज्यान गयो । तत्कालीन गृहमन्त्रीको घरमा आगजनीको प्रयास भयो । नेपाल प्रहरीलाई तत्कालीन गृहमन्त्रीको घरको समेत सुरक्षा गर्न नसकेको आरोप लाग्यो ।

यहीबीच म सुर्खेत पुगें र त्यहाँ सर्वदलीय संवाद गरे । यसले केही वातावरण बन्यो । जे भए पनि तत्कालीन अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगको उपस्थितिले ठूलो अर्थ राख्ऱ्यो । नागरिकको जीवनरक्षा र आन्दोलनकारी र सरकारबीच वार्ताको पहल हुने गर्दथ्यो । हामी पुगेको ठाउँमा प्रहरीले पनि केही राहत महसुस गर्दथ्यो । यही बीचमा कर्णाली सातौं प्रदेशको रूपमा घोषणा भयो । यसरी निकै छोटो समयको आन्दोलनले कर्णालीले आफ्नो पहिचान पायो ।

यो विषय मधेश आन्दोलनमा भएका दलहरूको लागि आत्मसम्मानको सवाल भयो । कारण थियो- मधेशवादी दलहरू लामो समयदेखि आन्दोलनमा थिए । राज्यले तिनका विषयको सम्बोधन गरेको थिएन । उल्टै आन्दोलनमा भएका मानव हताहतलाई 'खबाट एक दुई आँप खस्दैमा केही हुँदैन', 'मधेशी सब मोदीका छौडा' भनियो । यी प्रहरीले फायर खोल्दा बोलेका शब्द हुन् । जसले स्थानीय जनताको भावनामा चोट पुगेको थियो । दलहरूले मधेशवादी दलसँग वार्ता हुँदैन, अब वार्ता इण्डियासँग हुन्छ भन्न थालेका थिए । नागरिक महिनौंदेखि आन्दोलनमा थिए । क्यौं सर्वसाधारण र आन्दोलनकारीले ज्यान गुमाइसकेका थिए । तर दलहरू हामीसँग वार्ता नगर्ने इण्डियासँग वार्ता गर्ने भन्दै छन् । के हामी यो देशका नागरिक होइनौं ? हामीसँग दलहरूले किन दोगला व्यवहार गर्दैछन् ? यी कुराले आन्दोलनरत पक्षलाई पीडा दिइरहेको थियो ।

आन्दोलनरत पक्षहरू धेरैसँग हार गुहार मागन ठाउँ ठाउँ पुग्न थालेका थिए । राष्ट्रय मानव अधिकार आयोगमा पनि क्यौं बैठकहरू भए जुन निष्कर्षविहीन थिए । २०७२ सालको भूकम्प जाँदा देशले धेरै धनजनको क्षति बेहोऱ्यो । मधेशवादी दलहरूले आफ्नो बलबुताले भ्याएसम्म मूठिदान सहित भूकम्प पीडितलाई सहयोगी हात बढाएका थिए र देशमा विपत्ति भएका बखत सबै एकजुट हुनुपर्छ भन्ने सन्देश दिएका थिए । लामो समयको आन्दोलनबाट मधेश केन्द्रत दल केही हतास देखिन्थे र आन्दोलननलाई फरक ढंगले लाने भन्न थाले र आन्दोलन सीमा केन्द्रित बनाए त्यसको एउटा सन्देश थियो 'काठमाडौं को दाना पानी बन्द गर्ने ।'

वीरगञ्ज पुग्दा पुरै बाटो टायरको कालो खरानीले पुरिएको थियो । प्रशासनको व्यवहार निकै नै खराब थियो गाडीबाट झर्न पाएको छैन स्थानीय पत्रकारहरूले गुनासो गरे, मैले भोलि कुरा गर्छु भनें । सीमाबन्द गर्ने यो सन्देशले पनि केन्द्रको नेतृत्व गर्ने दललाई खासै फरक परेन । यसको कारण थियो भारतसँगको सम्बन्धप्रति सत्तारुढ दलहरू विश्वस्त थिए कि छिमेकीले यस्तो विपद र त्रासको अवस्थामा सिमानाका बन्द गर्दैन । एकातिर आन्दोलरत पक्षसंग भारतले दूरी बनाएको नै थियो । किनभने आन्दोलनरत पक्षसंग नजिकिएर सत्तापक्षसंग टाढिने वा चिढ्याउने भारतको चाहना थिएन ।

यस्तो द्वैध भूमिका भारतको छ भन्ने कुरा आन्दोलनरत पक्षले थाहा पाएर पनि थाहा नपाए जस्तो गर्दै थिए । भारतले गरेको नाकाबन्दीलाई आन्दोलनरत पक्षले हामीले गरेका हौं भनेर फुक्न थाले केही टुकहरूमा आगजनी भयो जसले गर्दा भारतीय ट्रक ड्राइभरहरू भयभीत भए । जसको परिणाम देशभर ग्यास र औषधी लगायत उपभोग्य वस्तुको अभाव र ठूलो हाहाकार नै भयो । यसले विश्व सामु भारतको छबि नराम्रो भयो । मधेशवादी दलहरूलाई भन् गाह्रो भयो, कारण जुन नैतिक साथ र समर्थन खोज्दै थिए त्यो मधेशवादी दलहरूले पाएनन् ।

म सुर्खेतबाट टीकापुरको अनुगमन सकेर धनगढी बास बसेको थिएँ । बिहान थारु नेताहरू राजनीतिक दलहरू र सुरक्षा निकायसँग धनगढी सीडीओ कार्यालयमा हाम्रो भेटघाट कार्यक्रम थियो । धनगढीको मिटिङ सकेर टीकापुरबाट नेपालगञ्ज लागियो । नेपालगञ्जको आन्दोलन अनुगमन गरेर हिँडिसकेको थिएँ । म लमहीको बाटोमा थिए, लमहीमा थारु अगुवाहरू संग भेट्ने कार्यक्रम थियो ।

त्यस बखत थारु समुदायको आन्दोलनको अगुवाइ गर्ने प्राय नेताहरू डरले आफ्नो ठाउँहरू बारे भन्दैनथे । ठाउँबारे भनेमा सुरक्षा निकायलाई खबर हुन्छ भन्ने डरले फरक फरक ठाउँमा बोलाउथे । लमही पुग्दै थिएँ त्यही बेला आयोगका अध्यक्षको फोन आयो तपाईं छिटो वीरगञ्ज जानुस् । 'मलाई अच्चम लाग्यो' मलाई नै किन अरु सदस्यहरू गए पनि हुने थियो । तर मलाई नै किन उहाँको भनाइ थियो तपाईं बाटो मै हुनुहुन्छ त्यतै बाट गए हुन्छ ।

अच्चमको कुरा के भने म छु लमहीमा एउटा दलले आफ्नो अडान नछोड्न र मधेशवादी दलले पहाडी नेता र दललाई एक किसिमले निषेध नै गरेका थिए । कुनै पनि स्थानीय पहाडी मूलका नेता आफ्नो घरमा पिएनन् ।

यही बीच हालका प्रधानमन्त्री नै तत्कालिन समयका प्रधानमन्त्री हुनुहुन्थ्ये । उहाँले मेची महाकाली यात्रा कार्यक्रम नै घोषणा गर्नुभयो । कार्यक्रमस्थलको रूपमा सप्तरीको औद्योगिक क्षेत्र तोल्नुभयो उहाँको चुनौती थियो मलाई कसैले पनि छेक्न रोक्न सक्दैन । मधेशवादी दलहरूले पनि उहाँको यो अडानलाई आफ्नो अस्तित्वको लडाईको रूपमा लिएका थिए । त्यसदिन सप्तरीमा प्रधानमन्त्री आउने भने पछि अत्याधिक मात्रामा नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायतका सुरक्षाकर्मीहरू परिचालित थिए तर खराब थियो जिल्ला सम्हालने सिढियो भने थिएनन् । कार्यक्रम बिथोलियो र प्रधानमन्त्री उपस्थित भएको कार्यक्रमस्थल भित्र र बाहिर कब्पना नगरिएका घटनाहरू भए । एकजना युवा जसको भर्खर विवाह भएको थियो तिनलाई सुरक्षाकर्मीले टाउकोमा गोली हाने । केही आश्रु ग्यासका सेल फायर भए जसको कारण स्थानीय बासिन्दाले अनुहारमा पानी भरिएका फोकाहरू नै उठे । घटनाको केही दिनपछि मसहित बिराटनगर कार्यालयको कर्मचारी त्यहाँ पुग्यौं वास्तविकतामा स्थिति निकै नै नाजुक थियो ।

स्थानीय बासिन्दा निकै रुष्ट थिए कोही बोल्न चाहेका थिएनन् । स्थानीय व्यक्ति र खासगरी आयोगका मानिसलाई देख्ने चाहेका थिएनन् । एकजना स्थानीय र पत्रकारको सहायतामा हामी त्यहाँ पुग्यौं । घाइतेहरूलाई भेट्दै जाँदा सबैमा अत्यन्तै घृणा र आक्रोश थियो । स्थानीयको हामी वा सरकार प्रतिनिधिसँग भेट्ने इच्छा थिएन । केही समय रोकिएर कुराकानी सुरुवात गऱ्यौं । स्थानीय व्यक्ति कुरा गर्न आए यसरी कुराकानीकै क्रममा हामीलाई पीडितको घर लगियो । आमा र पत्नीसंग भेट भयो हामी कुरा नै सुनिरहेका थियौं । सबैले घटना बारे राम्रैसंग बताउदै थिए तर एक्कासी आयोगको गाडी त्यहाँ आइपुग्यो ।

अनुगमनमा केही सहजता होस् भनेर मैले गाडी निकै पर छोडेर हिँड्दै गाउँ पुगेकी थिएँ । यसरी आयोगको गाडी देख्ना साथ तिनले भने, 'यही गाडीले मेरो भाइलाई बचाएन 'पुलिसलाई गोली नचला भनेन, मेरो भाइ खाना खान घर आउँदै थियो, उ आन्दोलनमा गएकै होइन ।' उनले अति नै मर्माहत बनाउने कुरा गर्न थाले । तिनको रुवाइमा भाइ गुमाएको पीडा थियो । तिनलाई सम्झाई बुझाई कसैले त्यहाँबाट लग्यो तर एकासी पेट्रोल बोकेर आए र आयोगको गाडी ढुगांले फुटाउदै पेट्रोल छर्किन थाले, यसरी तिनलाई छेक्दै गर्दा तिनले बोकेको सारा पेट्रोल मेरो शरीरमा खनियो मेरो आँखा पट्टीलको कारणले केही समय देख्ने नसकिने भएको थियो ।

स्थानीयकै अगुवाइमा म त्यहांबाट निस्किएँ त्यस बखतको एउटा कुरा भन्नैपर्छ, तत्कालिन अमेरिकी राजदूत ऐनाईना बि. टेप्लिजले फोन गरेर 'मोहना तिमी ठोक छौ ?' भनेर सोधिन्, त्यस बखत साँच्चै म जीवित छु भन्ने लाग्यो । त्यसबेला म जुन संस्थाको प्रतिनिधित्व गर्दै सप्तरी पुगेको थिए त्यहाँबाट मलाई कसैले पनि मेरो हाल खबर लिन एक कल फोन पनि गरेनन् । कुनै पनि सुरक्षाकर्मीको त्यस ठाँउमा उपस्थिति थिएन, जबकी म त्यस ठाउँमा हुनेछु भन्ने सबै प्रहरी निकायमा खबर थियो । नेपालको संविधान २०७२ को सबैमा हार्दिक मंगलमय शुभकामना । म जीवित छु ।

(साभार: अनलाइनखबर)

संघीय प्रजातान्त्रिक गणतन्त्रको अभ्यास

✍ डा. सुमनकुमार रेग्मी

संघीय गणतान्त्रिक प्रजातन्त्रमा शान्तिपूर्णरुपमा क्रान्ति गर्न नागरिक अधिकारको सुनिश्चित गरिएको हुन्छ । प्रजातन्त्र र शान्तिपूर्ण संघर्ष एक-अर्काका पूरक हुन् । तर गणतान्त्रिक प्रजातन्त्रको व्याख्या र प्रयोग विभिन्न तिरिकाले हुने गरेको छ । यसमा मलेसिया, लाइबेरिया, फिलिपिन्सको जस्तो व्यक्तिवादी प्रजातन्त्र, भारतमा जस्तो समूहगत प्रजातन्त्र, साम्यवादी देशमा गणतन्त्रात्मक प्रजातन्त्र, पाकिस्तान, इजिप्ट र अन्य देशमा जस्तो निर्देशित प्रजातन्त्र, साउदी अरेबिया, इथियोपियाजस्ता देशमा संलग्न प्रजातन्त्र, चीनमा जनतन्त्रात्मक गणतन्त्रजस्ता विविध नाममा प्रजातान्त्रिक अभ्यासको विभिन्न देशमा अनुशरण गरिँदै आएको छ । प्रजातन्त्र र शान्तिपूर्ण संघर्षबीच घनिष्ट सम्बन्ध छ । प्रजातन्त्र राजनीतिक सत्ताप्राप्ति जिम्मेवारी हुन्छ । किनभने जिम्मेवारी जनतामा निहित हुन्छ । प्रजातान्त्रिक आन्दोलन मानवीय स्वतन्त्रताको मुख्य आधार हो । यसैले गर्दा प्रजातान्त्रिक आन्दोलनको सिद्धान्त उदार प्रवृत्तिको हुन्छ । प्रजातान्त्रिक सिद्धान्तका प्रतिपादकहरु प्रजातन्त्रमा जनताको आन्दोलनमा अधिकारको संवैधानिक प्रत्याभूति हुन्छ भन्छन् । यसै अनुरुप प्रजातान्त्रिक सरकारको संवैधानिक ढाँचा तय गरिन्छ, जसद्वारा शन्तिपूर्ण माध्यमबाट आमूल परिवर्तनको आशा गरिन्छ ।

शान्तिपूर्ण आन्दोलनको निर्णय मूलभूत रुपमा हिंसा र तोडफोडभन्दा पनि आन्दोलनप्रतिको जनताको समर्थनले निर्धारित हुन्छ । यसरी गणतान्त्रिक प्रजातान्त्रिक व्यवस्थामा आमूल परिवर्तन हुने मान्यता रहँदै आएको छ । प्रजातान्त्रिक स्थायित्व र बल नै संविधानले प्रत्याभूत गरेको शान्तिपूर्ण क्रान्तिमा आधारित हुन्छ । आन्दोलनको विशेषताले यसको सफलता निर्धारण गर्छ । यसलाई नै बुद्धिमतापूर्ण कृत्य ठहऱ्याइन्छ । तथापि गणतान्त्रिक प्रजातन्त्रको स्वरुप मौलिक हुनुपर्छ । यसो हुन नसके वैदेशिक नमुना व्यर्थ बन्दछ । राजनीतिक अधिकारको भ्रष्टाचार आफैंमा निहित रहँदैन । यो यसको स्रोतमा र हन्छ । जनतामा निहित शक्तिमा अधारित प्रजातान्त्रिक राजनीतिक शक्ति भ्रष्ट त्यो बेला हुन्छ, जब ती राजनीतिक शक्ति नै आफ्नो निजी स्वार्थमा लिप्त हुन्छन् । प्रजातन्त्रमा जनता राजनीति र क्रान्तिमा स्वतः स्फूर्तरुपमा आउन र निस्कन पार्उछन् ।

गरिबी एसिया, अफ्रिका र ल्याटिन अमेरिकाको वास्तविकता हो । गरिबी निवारण गर्न प्रजातन्त्र आवश्यक छ । प्रजातन्त्रीकरण भन्नाले निजी धन पूरा समाजमा निहित गर्नु हो । सामूहिक मानवीय साधनका लागि सम्पत्ति नियम-ऐन जरुरी छ । मानवीय स्वतन्त्रता विस्तारको राजनीतिक उद्देश्य नै आध्यात्मिक र नैतिक अभ्यासमा जोडिएको छ । राष्ट्रका लागि होइन, मानवका लागि समाजलाई क्रान्तीकरण गर्नुपर्छ । समाजलाई बदल्न प्रजातान्त्रिक अभ्यास जरुरी छ । राष्ट्रियता, आधुनिकीकरण र प्रजातन्त्रलाई अनुशरण गरेर पश्चिम एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका केही देश अगाडि बढे । प्रजातान्त्रिक आन्दोलनका सिद्धान्त समाजलाई परिवर्तनतर्फ धकेल्ने हो । प्रजातान्त्रिक आन्दोलनपछि प्राप्त गरेको जनअधिकार प्रजातान्त्रिक अभ्यासको योग हो ।

सन् १९९० पछि र सन् २००६ पछि पनि अनि संविधान २०७२ आएको ५ वर्षपछि समेत नेपालमा समाजका लागि बृहत् परिवर्तन जरुरी थियो । तर विगत ३० वर्षमा पनि आमूल परिवर्तन देखा परेन । त्यसर्थ भविष्यको दिशाको कदमबारे जनवर्गमा नै प्रश्न राख्निनु उचित ठानियो । सन् १९९० मा बहुदल पुनर्स्थापित र २००६ मा गणतन्त्र स्थापित गरिए पनि प्रजातन्त्रको सच्चा बाटो भुलियो । भन् संघीय संविधान २०७२ पश्चात्का संघीय गणतन्त्रका अभ्यास अब समाज परिवर्तनका लागि आमूल दलबदल जरुरी थियो, अद्यापि छ । प्रजातन्त्र नै राजनीतिक प्रजातन्त्रमै विचार गरिनुहुन्न । यसमा सामाजिक, आर्थिक, दार्शनिक, शैक्षिक र मानवीय जीवनको अन्य पक्ष समेटिनुपर्छ । प्रजातान्त्रिक खाकामा हरेक व्यक्तिले असल नागरिकको भूमिका निभाएको हुन्छ । प्रजातन्त्रको संरक्षणका लागि अज्ञानता र अन्धविश्वास हटाउनुपर्छ । यस्तो राजनीतिक ज्ञानबाट सम्भव छ । प्रजातान्त्रिक व्यक्तिले राजनीतिक शिक्षाको जिम्मेवारी लिनुपर्छ । नागरिकलाई राजनीतिक साक्षर बनाउन राष्ट्रले आवश्यक सहयोग गर्नुपर्छ । प्रजातन्त्रमा नागरिकको ज्ञान र विशेषताबाट यसले शक्ति आकर्षण गर्छ । जनता कमजोर भएमा चुनावबाट चुनिएर बाट आएका सांसद कमजोर भई गठन गरिने सरकार पनि कमजोर हुन्छ । यस कारण प्रजातान्त्रिक शक्तिका रुपमा रहेको सरकारले जनताको सांस्कृतिक विकास र राजनीतिक शिक्षामा ध्यान दिनुपर्छ । देशमा विगतमा स्थापित राष्ट्रिय पार्टीहरु राष्ट्रिय भलाइमा देखिएनन् । त्यसैले राजनीतिक शिक्षामा जोड दिनुपर्ने देखिन्छ ।

राष्ट्रिय समस्या समाधान गर्नमा पार्टीहरु एकजुट हुन गाह्रो भएको छ । राष्ट्रिय विकासका पक्षका प्रयासमा सबै पार्टीले सहमति जनाउन सकेनन् । प्रजातन्त्रमा धेरै पार्टीहरु भए पनि राष्ट्रप्रति चाख कम दिन सके । राष्ट्रको समन्वयमा योग्य नेतृत्व आवश्यक हुन्छ । किनभने योग्य नेताले राष्ट्रलाई डोऱ्याउन सक्छ । विगतमा सीपयुक्त राष्ट्रिय समाधान गर्न तल्लीन रहने नेता भेटिएनन् । फलस्वरुप पछिल्लो समय देश संघीय गणतन्त्रमा गएको छ । संघीय गणतन्त्रमा गए पनि स्थानीय निकायहरु वित्तीय संघीयतामा कमजोर देखिएका छन् । राज्यद्वारा सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य केन्द्रीय सरकारले गर्न सम्भव नहुने भएकाले स्थानीय तहमा जे-जस्ता समस्या समाधान गर्न पनि त्यहाँका जनतालाई संस्थागतरुपमा संगठित गराएर कार्य सम्पन्न गर्न शक्ति विकेन्द्रीकरण गर्न चलन प्रत्येक प्रजातान्त्रिक राज्यमा रहेको पाइन्छ । तर नेपालमा संघीय गणतान्त्रिक व्यवस्था आए पनि सफलता प्राप्त गर्न कठिनाइ भएको देखिन्छ । नेपालमा परापूर्वकालदेखि नै कुनै न कुनै रुपमा शासन परिपाटीलाई अँगालिएको छ । समग्रमा भन्ने हो भने लिच्छविकालमा पाञ्चाली गठन गरी स्थानीय स्तरमा केही अधिकार र जिम्मेवारी प्रदान गरिएको थियो । तसर्थ यसलाई पनि त्यस बेलाको विकेन्द्रीकरणको एउटा प्रयास मान्न सकिन्छ । वि.सं. १९७६ मा शहरमा शहरी क्षेत्रको गठन र १९८३ मा गाउँमा मान्यजन कचहरी स्थापना गरी विकेन्द्रीकरणको रुप लिने प्रयास गरिएको छ । वि.सं. २००४ को वैधानिक कानुनले विकेन्द्रीकरणको सैद्धान्तिक प्रयास गरेको थियो । तर पनि यो कानुन लागू नभएकाले गठन प्रयास पनि ऐनसँग असफल हुन गयो । तसर्थ यसलाई केन्द्रीकरणको यात्रामा कम्तीमा पनि एउटा असफल प्रयास मान्न सकिन्छ । यसरी नै वि.सं. २००६ मा मान्यजन कचहरी संस्थालाई व्यवस्थित गर्ने विकेन्द्रीकरणको भावनालाई अगाडि बढाइयो । यसरी २०७२ सम्म आउँदा विकेन्द्रीकरणको असफल अभ्यास भयो । २०७२ को संविधानले संघीय गणतान्त्रिक व्यवस्थाको सूत्रपात गऱ्यो । २०७२ को संविधानपछिको पहिलो आमचुनावका आधीभन्दा बढी अवधिले जनता निराश भएका छन् । जनताका आशा कार्यान्वयनमा नआउँदा हिमताल फुट्नेजस्ता समस्या आउन सक्छ ।

लिच्छविकालमा पाञ्चाली व्यवस्थामा विभिन्न पालामा विभिन्न समयमा ठाउँ-ठाउँमा चौतारा निर्णय प्रणालीका शासनका व्यवस्था, राणकालमा मान्यजन कचहरीजस्ता संस्थाहरुका व्यवस्था भए । २००७ सालमा मुलुक राणा शासनबाट मुक्त भयो ।

(साभार: न्यूज अफ नेपाल)

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४७७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६१९४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२९५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७४७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाइ बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज ५ गते शनिबार २१ सेप्टेम्बर २०२४ । तृतीया, आश्विन कृष्णपक्ष । अलागा ११४४ ने.सं. । सूर्योदय ५:५२, सूर्यास्त ६:०१ ।

आजको राशिफल

मेष	: रमाइलो यात्रा हुनेछ	तुला	: धार्मिक आस्था बढ्नेछ
वृष	: धन कमाउने योग परेको छ	वृश्चिक	: कल्याणकारी कार्यको अवसर भिल्नेछ
मिथुन	: पश्चात्ताप लाग्नेछ	धनु	: अधिक परिश्रम गर्नु पर्नेछ
कर्कट	: शारीरिक आलस्यता बढ्नेछ	मकर	: मेहनतको फल पाइनेछ
सिंह	: सकारात्मक सोचाइ रहनेछ	कुम्भ	: कार्यभार र व्यस्तता बढ्नेछ
कन्या	: दया मायाका कार्य हुनेछन्	मीन	: व्यापार-व्यवसाय सामान्य रहनेछ

१ . संविधान दिवसको अवसरमा आयोजित कार्यक्रममा बेलुन उडाउँदै उच्चपदस्थ अधिकारीहरु । २. संविधान दिवसको अवसरमा आयोजित प्रभातफेरिमा नेपालको मौलिक पञ्चेबाजा बजाउँदै महिला कलाकारहरु । ३. संविधान दिवसको अवसरमा अयोजित प्रभातफेरीका क्रममा लाखेनाच प्रस्तुत गर्दै । ४. संविधान दिवसको कार्यक्रम समापन पछि सामूहिक तस्बिर खिचाउँदै सहभागीहरु

तस्वीर:साझाकुरा

संविधान संशोधनको सम्भावित शक्ति संघर्ष

काठमाडौं/गत १७ असारमा नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता समीकरण फेर्ने निर्णय हुँदा संविधान संशोधनको एजेण्डामा पनि सहमति भयो । दुई दलबीच भएको सातबुँदे सहमतिको दोस्रो नम्बरमा संविधानका सबल र दुर्बल पक्षको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधान संशोधन गर्ने प्रतिबद्धता उल्लेख छ ।

'राष्ट्रिय सहमतिको सरकारले संविधान लागू भए पश्चात अभ्यासमा देखा परेका सबल र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकुलको कानुन निर्माणलाई प्राथमिकता दिने', यो सहमति प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा बैठकमा पढेरै सुनाएका थिए ।

सरकार फेरिनुभन्दा पनि सातबुँदमा संविधान संशोधनको एजेण्डा समावेश गरिनु अप्त्यासित थियो । यस्तो अप्त्यासित सहमति हुनुमा सरकार निर्माणको पृष्ठभूमि कारक देखिन्छ । किनकि सामान्यतया: संसदीय लोकतन्त्रमा संसदका प्रमुख दलहरु मध्ये एउटाले सरकार बनाउने र अर्को प्रतिपक्षीमा बस्ने हुन्छ । तर यहाँ कांग्रेस र एमाले मिलेर सरकार बनाउनुपर्ने भएपछि त्यसको औचित्य पुष्टि गर्न राष्ट्रिय सहमतिको सरकार र संविधान संशोधनलाई सैद्धान्तिक आधार बनाइयो ।

'हामीसँग अर्को विकल्प थिएन । ३२ सिटे माओवादीले आपनूभन्दा तीन गुणा ठूला दलहरुलाई फनफनी घुमाइरहने अनि मुलुक चाहिँ संकटमा धकेलिदै जाने अवस्था चिर्न कांग्रेस र एमाले मिल्ने निष्कर्षमा पुग्यौं', एक शीर्ष नेता भन्छन्, 'तर प्रमुख दलहरु मिलेर सरकार बनाउँदा त्यसको औचित्य पुष्टि गर्नुपर्ने थियो । त्यसैले हामीले राजनीतिक स्थायित्वका निम्ति राष्ट्रिय सहमतिको सरकार र त्यो सरकार मार्फत् संविधान संशोधन भन्यौं ।' कांग्रेस र एमालेबीच गोप्य कोठामा भएको संविधान संशोधनको सहमति अहिले लगभग राष्ट्रिय एजेण्डा बनेको छ ।

कांग्रेस र एमालेले दलको बैठकबाटै संविधान संशोधनलाई राजनीतिक एजेण्डा बनाइसकेका छन् । ९ वर्षपछि प्रतिपक्षी भूमिकामा धकेलिएको माओवादी केन्द्रका नेताहरुले सार्वजनिक अभिव्यक्ति मार्फत् संविधान संशोधनको पक्षमा रहेको बताइरहेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), एकीकृत समाजवादी लगायत विपक्षी दलहरुले पनि संविधान संशोधनमा खुला रहने बताइसकेका छन् ।

अर्थात् सरकार फेर्ने सन्दर्भमा उठेको एजेण्डा संविधानको तेस्रो संशोधनतर्फ उन्मुख छ । ३ असोज २०७२ मा जारी संविधानको पहिलो संशोधन भने १६ फागुन २०७२ मा भएको थियो । आफ्नो अडान समावेश नगरिएको भन्दै संविधान जारी हुँदा हस्ताक्षर नगर्ने मधेश केन्द्रित दलहरुको माग सम्बोधन गर्न पहिलो संशोधन भएको थियो । त्यो संशोधनले राज्यका निकायहरुमा समानुपातिक समावेशी प्रणालीलाई सुनिश्चित गरेको थियो भने जनसंख्यालाई मूख्य र भूगोललाई दोस्रो आधार मानेर निर्वाचन क्षेत्र निर्धारण गर्ने सुनिश्चित गरेको थियो । संविधानको दोस्रो संशोधन २०७७ जेठ पहिलो साता भयो । लिम्पियाधुरा सहितको भूगोल नेपालको नक्सामा समेटून भएको दोस्रो संशोधनमा राष्ट्रिय सहमति जुटेको थियो ।

पूर्वन्यायाधीश ईश्वर खतिवडा, संविधान जारी हुँदै गर्दाको अवस्थाबाट मुलुक निकै अगाडि आइसकेकाले संविधान संशोधनको एजेण्डालाई सकारात्मक रुपमा हेरिनुपर्ने बताउँछन् । 'संविधान पुनरावलोकनको प्रक्रियामा गयो भने अस्थिरता निम्तिन्छ भन्ने शंका उपशंका गर्नु उचित होइन । पुनरावलोकन भनेको भइरहेको संविधान फाल्नु वा च्यात्नु भन्ने अर्थमा बुझिनु हुँदैन', उनले संचार कर्मीसँग भनेका छन्, 'पुनरावलोकन भनेको भइरहेको विषयलाई थप बलियो बनाउने हो ।' संशोधनको अन्तर्वस्तु चाहिँ आवश्यक बहस, विमर्श र सहमतिबाट तय हुनुपर्ने उनको मान्यता छ ।

कांग्रेस-एमाले तयारी

कांग्रेस-एमालेले राजनीतिक स्थायित्वका निम्ति संविधान संशोधन भनेर निर्वाचन प्रणाली र राजनीतिक दल सम्बन्धी ऐन संशोधन (मुख्यगरी) गर्न चाहेको देखिन्छ । नेताहरुले खुलैरै थ्रेस होल्डको प्रतिशत बढाउने, थ्रेस होल्ड नकटाएका दलका सांसदहरुलाई द्वदीप नलाग्ने र त्यस्तो दलका सांसदले प्रधानमन्त्रीको दाबी गर्न नपाउने व्यवस्था गर्नुपर्ने बताइ रहेका छन् ।

एमाले नेताहरुले त संविधानको निर्माणको धारा ७६ (५) लाई पनि हटाउनुपर्ने तर्क गरिरहेका छन् । यो उपधारासे राजनीतिक अस्थिरतालाई सहयोग गरेको उनीहरुको तर्क छ । यस्तो तर्कको पछाडि एमाले नेताहरुको आफ्नै अनुभवले काम गरेको लुपुर्छ ।

७ जेठ २०७८ मा केपी शर्मा ओलीले प्रधानमन्त्रीको हैसियतमा दोस्रोपटक प्रतिनिधि सभा विघटन गर्दै मध्यावधि निर्वाचनमा जाने निर्णय लिएका थिए । तर संविधानको धारा ७८(५) कै व्यवस्था बमोजिम ओलीको निर्णय बदर भएर कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भए ।

देउवालाई प्रधानमन्त्री बनाउन एमालेकै २३ सांसदले विश्वासको मत दिएका थिए । सर्वोच्च अदालतले ७६ (५) बमोजिम देउवालाई विश्वासको मत दिएकै कारण एमालेले ती सांसदहरुलाई कारबाही गर्न नसक्ने फैसला सुनाए पनि पार्टी विभाजनको मूल कारण त्यही बन्यो । त्यसैले एमाले यो उपधारालाई राजनीतिक अस्थिरताको कारण मान्छ । भलै कांग्रेस र संविधान निर्माणका बेला भएको बहस बेग्लै छ । संसदबाट सरकार बन्न सम्भव भएसम्म मुलुकलाई मध्यावधिमा जान रोक्नकै निम्ति यो उपधाराको व्यवस्था गरिएको हो ।

यद्यपि कांग्रेस र एमाले अहिले सरकार साझेदार शक्ति भएकाले यो उपधारामाथि छलफल नहुन पनि सक्छ । तर आगामी आमचुनाव-०८४ मा साना दलहरुलाई अप्ठ्यारो पर्ने गरी संविधान वा कानुन संशोधन हुनसक्छ, जसको तयारी सरकारको न्यूनतम साझा कार्यक्रम मार्फत् अगाडि बढेको छ । बुधबार (२ असोजमा) सात बुँदलाई आधार मानेर तयार पारिएको न्यूनतम साझा कार्यक्रम प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवालाई बुझाइएको छ । चालु आर्थिक वर्ष २०८१/०८२ का निम्ति नीति तथा कार्यक्रम र बजेट आइसकेकाले कार्यक्रमहरू नभएर नीतिगत विषयलाई ८ शीर्षकमा समेटेर न्यूनतम साझा कार्यक्रम तयार पारिएको छ ।

जहाँ संविधानको पुनरावलोकन गर्ने र, त्यसको जगमा राजनीतिक स्थायित्व सुनिश्चित हुने गरी संशोधन गर्ने प्रतिबद्धता गरि एको छ । 'संविधान संशोधन गर्दा नागरिकहरुसँग ब्यापक बहस गर्ने र राजनीतिक दलहरुबीच सहमति खोजे भनेका छौं', कार्यदलका सदस्य रहेका एमाले उपमहासचिव प्रदीप ज्ञवाली भन्छन्, 'वर्तमान संविधान निर्माण गर्ने निर्णायक र अग्रणी शक्ति एमाले-कांग्रेस नै हौं, त्यसैले यसको रक्षा, कार्यान्वयन र विकास गर्ने प्रतिबद्धता गरेका छौं ।'

उनका अनुसार प्रदेशले अधिकार नपाएको गुनासो आइरहेकाले संविधान कार्यान्वयनसँग सम्बन्धित तीन वटा कानुनहरु अगाडि बढाउने विषय प्राथमिकतामा छ । अर्थात् राजनीतिक उपलब्धि उल्ट्याउन संविधान संशोधन गर्न लाग्नेहरु आरोप खण्डन गर्ने गरी न्यूनतम साझा कार्यक्रम तयार पारिएको बुझ्न सकिन्छ । 'संघीयता कार्यान्वयनका सन्दर्भमा भइरहेका अप्ठ्यारा कार्यान्वयनमा लैजान्छौ । बनाउनुपर्ने कानुन बनाउँछौं । संघीयता, लोकतन्त्र, गणतन्त्र, समावेशी प्रणाली अझै मजबुत बनाउन वस्तुनिष्ठ समीक्षा गरेर परि मार्जन (संविधान संशोधन) गर्छौं' कार्यदल सदस्य एवं कांग्रेस महामन्त्री गगन थापाले भनेका छन् ।

तर संविधान अथवा कानुन संशोधन कांग्रेस-एमाले नेताहरुले भने जस्तो सजिलो देखिँदैन । किनकि जसरी राजनीतिप्रति वितृष्णा बढिरहेको छ, संविधान संशोधनका क्रममा उपेक्षित हुन पुग्ने कुनै समुदाय अथवा शक्तिलाई चिढ्याउने गल्तीले त्यसलाई थप मलजल गर्न सक्छ ।

राजनीतिक विश्लेषक नारायण ढकाल पनि कांग्रेस-एमालेले जस्तो पृष्ठभूमि र तर्कसहित संविधान संशोधन गर्न खोज्दैछन्, त्यसले नागरिकको असन्तुष्टि हल हुन नसक्ने देख्छन् । 'कुनैपनि दलको बहुमत आएन भनेर संविधान संशोधन गर्न खोजिदैछ । तर समस्या राज्य सञ्चालनको संस्कृति निर्माण नहुनुमा छ, हाम्रा संस्थाहरुमा राजनीतिकरण हुनुमा छ', उनी भन्छन् ।

अकोंतिर संविधानप्रति जनताको स्वामित्व बढाउनेतिर छलफल नभइरहेकाले पनि अहिले संविधान संशोधनको वातावरण नरहेको विश्लेषक ढकालको बुझाइ छ । 'राजनीतिक असन्तुष्टि सम्बोधनकै कुरा गर्दा मधेश र आदिवासी जनजातिले संविधानमा खुलेर स्वामित्व लिन सकेका छैनन् । लामो समयदेखि सामाजिक बहिष्करणमा परेकाहरु असन्तुष्ट छैनन्', ढकाल भन्छन्, 'तर संविधान संशोधनको छलफल अर्कैतिर छ ।'

हुनपनि सत्ताविरुद्ध सुनिँदै आएको कतिपय आवाज र असन्तुष्टि संविधान बनिरहँदा नै उठेका थिए, र समेटिएको थिएन । जस्तो कि प्रदेशको नाम कोशी राख्ने निर्णयपछि उत्पन्न परिस्थिति संविधान निर्माणकै समयदेखि उठेको आवाज हो ।

त्यसबेला माओवादी सहित जातीय संस्थाहरुले पहिचानका आधारमा प्रदेशको नाम राखिनुपर्ने चर्को अडान लिएका थिए । २०६४ सालको पहिलो संविधान सभाबाट संविधान जारी नहुनुको एक प्रमुख कारण पहिचानको आधारमा प्रदेश बनाइनुपर्ने अडान थियो ।

त्यसबेलाको मुख्य शक्ति माओवादीले पहिचान सहितको संघीयतामा सम्झौता नगर्ने अडानमै संविधान सभा विघटनको निर्णय गरेको थियो । तर २०७० सालको दोस्रो संविधान सभामा शक्ति समीकरण नै फेरियो । माओवादी र मधेश केन्द्रित शक्तिहरु नराम्रोसँग पराजित भए । राजावादी राप्रपाको आकार केही बढ्यो भने कांग्रेस-एमाले प्रमुख शक्ति बने ।

यही फेरिएको शक्ति सन्तुलनको आधारमा २०७२ मा संविधान जारी भयो । सहमतिमा संविधान जारी गर्दा सबै जसो दलहरु आफ्नो अडानबाट पछि हटे । माओवादी र राप्रपाले फरक मत सहित सहमति जनाए । मधेश केन्द्रित दलहरु, आदिवासी जनजाति संघसंस्थाहरु र अरु कतिपय आवाज सम्बोधन हुन नसकेको भन्दै संविधानप्रति चर्को बिमति जनाए । अहिले पनि ती शक्ति/समूहले ३ असोजलाई कालो दिन भनिरहेका छन् ।

कांग्रेस-एमालेले थाल्ने संविधान संशोधनको विमर्शमा ती शक्तिहरुले आफ्नो एजेण्डा फेरि उठाउने पक्का छ । संभवत: एउटा धारको नेतृत्व माओवादी र अर्को धारको नेतृत्व राप्रपाले गर्न सक्छन् । माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेल जनताको अधिकार खोस्ने गरी संविधान संशोधन गर्न लागे त्यस विरुद्ध आवाज उठ्नेमा प्रष्ट हुनुपर्ने बताउँछन् । 'हामीले संविधान संशोधनको विरोध गरेका छौनौं, तर जनताले लडेर ल्याएका उपलब्धिहरु तलमाथि गर्न खोजियो भने हामी चुप लागेर बस्दैनौं', उनी भन्छन् । समावेशी समानुपातिक, लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता जस्ता विषयलाई तलमाथि हुन नदिने पौडेल बताउँछन् ।

संविधान संशोधनको पान्डोरा

एमाले उपमहासचिव ज्ञवाली भने संविधान संशोधन भन्नासाथ अनावश्यक आशंका सिर्जना गर्नु माओवादीको राजनीति भएको टिप्पणी गर्छन् । 'हामी संविधानको रक्षा गर्ने शक्ति हौं भनेपछि जुन कुरा नहुँदा यो संविधानको प्राण रहँदैन, त्यो कुरा चलाउँदै नौं । बरु थप बलियो बनाउछौं' ज्ञवाली भन्छन्, 'विशेषगरी २०६२/०६३ सालको जनआन्दोलनका उपलब्धि र संविधानका मूल खम्बाहरु समावेशी लोकतन्त्र, संघीय गणतन्त्र, धर्म निरपेक्षता जस्ता अन्तर्वस्तुबाट पछि हट्दैनौं ।'

तर सरकारबाट हट्नासाथ पुष्पकमल दाहाल प्रचण्डले प्रयोग गरिरहेको राजनीतिक भाषाले सुन्दा कांग्रेस-एमालेले संविधान संशोधनको एजेण्डा अगाडि बढाउँदा उनी विगतका एजेण्डा फेरि उठाउन तर खरमा रहेको अनुमान लगाउन सकिन्छ । महिला, दलित, जनजाति, अल्पसंख्यक, पिछडिएको क्षेत्रबाट आउने मानिसलाई प्रधानमन्त्री बन्न रोक लगाउने गरी समावेशी प्रणालीलाई राष्ट्रिय सभामा लैजाने कांग्रेस-एमालेको तयारी रहेको प्रचण्डको आरोप छ । जबकी प्रतिनिधि सभाको आकार घटाउने, प्रत्यक्ष निर्वाचित प्रणालीबाट मात्र प्रतिनिधि सभा चयन गर्ने, समावेशी सहभागिता राष्ट्रिय सभामा लैजाने जस्ता कुरा एमाले-कांग्रेसका निश्चित नेताहरुको विचारमा सीमित छ ।

तर त्यसैलाई सामान्यीकरण गरेर प्रचण्डले संविधान निर्माणका बेला सहमतिका निम्ति छोडिएका एजेण्डा ब्यूँताउन चाहेको देखिन्छ । यदि प्रचण्डले विगतका एजेण्डा ब्यूँताए भने केही मधेश केन्द्रित शक्ति र जनजाति संघसंस्थाहरुको पाउन सक्छन् । मुख्यगरी माओवादीले शासकीय स्वरुप, निर्वाचन प्रणाली र समानुपातिक समावेशीतालाई एजेण्डा बनाउन सक्छन् । संविधान सभामा संविधानको मस्यौदा बनिरहँदा नै माओवादीले प्रत्यक्ष निर्वाचित राष्ट्रपति, पूर्ण समानुपातिक निर्वाचन प्रणाली र पहिचानमा आधारित संघीयतामा मुख्य अडान लिएको थियो ।

पहिलो संविधान सभा निर्वाचनका बेला प्रथम राष्ट्रपति भनेर भित्ताभित्तामा प्रचण्डको तस्वीरै नै कोरिएको थियो । तर प्रथम राष्ट्रपति रामबरण यादव भएपछि 'प्रचण्डलाई भित्ते राष्ट्रपति' भनेर मजाक गरियो । माओवादीको एजेण्डामा उपेन्द्र यादवसहित पहिचान पक्षधर शक्तिहरुको साथ थियो । २०७२ मा संविधान जारी हुँदा भने आफ्ना अडानबाट माओवादी पछि हटेका थिए । अहिले संविधान संशोधनको एजेण्डा उठ्दा फेरि पुरानो एजेण्डा माओवादीले सम्झन खोज्दैछ । 'प्रत्यक्ष निर्वाचित राष्ट्र प्रमुख, पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जान तयार छौं, जाऔं' माओवादी सचिव पौडेल भन्छन्, 'मौलिक हकमा शिक्षा, स्वास्थ्य र राजेयार सुनिश्चित गर्नेगरी हुने संविधान संशोधन गरौं ।'

(स्रोत: अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

'खुस्मा'को सुखद् सुरुवात, हलमा दर्शकमाझ घेरिए धीरज र उपासना

काठमाडौं/एकातिर संविधान दिवसको विदा र अर्कोतिर 'रुकुम मैकोट' गीतको चर्चाले फिल्म 'खुस्मा'को 'ओपनिङ' राम्रो हुन सक्ने प्रदर्शनपूर्व आँकलन गरिएको थियो । त्यो केही हदसम्म पहिलो दिन देखिएको छ । बिहानी शोज अपेक्षित नभए पनि दिउँसोबाट फिल्मले गति समात्यो । दिउँसो काठमाडौंसहित मोफसलका केही सहरहरूमा फिल्मले करिब ५० प्रतिशत अकुपेन्सी कायम गर्न सफल भयो ।

काठमाडौं अन्तर्गत क्यूएफएक्सको नबिम, सिभिल, बिग मुभिज, एफक्युब जस्ता हलहरूमा दिउँसो दर्शकको चाप राम्रो देखियो । केही शोज हाउसफुल पनि भए । साँझ ६ बजेपछिका शोजमा पनि दर्शकको उपस्थिति उत्साहप्रद देखिएको छ । पोखरा, बुटवल, नेपालगञ्ज, धरान, बिर्तामोड जस्ता सहरहरूमा पनि फिल्म हेर्ने दर्शकको चाप दिउँसोदेखि साँझसम्म सुखद् रहेको जनाइएको छ ।

फिल्मप्रति दर्शकको आकर्षणलाई मध्यनजर गर्दै थुप्रै मल्टीप्लेक्सहरूले शुक्रबारका लागि शोज समेत वृद्धि गरेका छन् । 'वर्ड अफ माउथ' बलियो भएकाले आगामी दिनमा फिल्म हेर्ने दर्शक अझ बढ्ने वितरक गोविन्द शाहीले बताए । उनले भने- 'पहिलो दिनमा नै देशभर फिल्म हाउसफुल छ । यो भनेको फिल्मका लागि एकदमै शुभ संकेत हो । मलाई लाग्छ यो फिल्म लामो समय जानेछ ।'

बिहीबार दिउँसोदेखि फिल्मका अभिनेता धीरज मगर, अभिनेत्री उपासना सिंह ठकुरी, निर्देशक अशोक थापा मगरसहितको टिमले काठमाडौंका केही हलमा पुगेर दर्शकसँग भेट गरेका थिए । चाबहिलको एफक्युब हलमा पुग्दा धीरज र उपासनासँग तस्वीर खिच्न दर्शकहरूबीच तछाडमछाड चलेको थियो । त्यहाँ उनीहरूले दर्शकसँग फिल्मको 'रुकुम मैकोट' गीतमा नाचेर रमाइलो पनि गरे ।

पहिलो दिनमै दर्शकको उत्साहजनक साथ पाउँदाको खुसी धीरज र उपासनाको अनुहारमा प्रष्ट देखिएको थियो । 'काठमाडौंसहित सबैतिर पहिलो दिन नै यसरी फिल्म हाउसफुल हुँदा खुसी लागेको छ । प्रतिक्रिया पनि एकदमै राम्रो मिलेको छ । यसका लागि म दर्शकहरूलाई धन्यवाद भन्न चाहन्छु' धीरजले भने । दर्शकहरूले आफ्नो कामलाई पनि निकै रुचाएकोमा उनले खुसी व्यक्त गरे ।

उपासनाले पनि सोचेको भन्दा राम्रो प्रतिक्रिया मिलेको बताइन् । 'हामीले सोचेकै थिएनौं कि यति राम्रो प्रतिक्रिया मिल्छ होला भनेर । क्तिजनाले त मलाई भेटेरै धेरै रुवाउनुभयो भनेर भन्नुभएको थियो,' उनी खुसी हुँदै भन्छिन्, 'जसरी हामीले कथा भन्ने प्रयास गरेका थियौं, त्यसलाई दर्शकले रुचाइदिँदा धेरै खुसी लागेको छ । कतिले सिक्वेल चाहिन्छ समेत भन्नुभएको छ । यही हाम्रो सफलता हो ।'

मगर समुदायको परिवेशमा निर्माण भएको फिल्मले सशस्त्र द्वन्द्वको प्रभावबीच अंकुराएको एक जोडीको प्रेमकथालाई देखाएको छ । यसमा धीरज र उपासनासहित माओत्से गुरुङ, खड्कबहादुर पुन (खबपु), राज थापा काउचा, सुजता राई, विजय संयोक सुब्बा, राजु रेग्मी मगर, अस्तित्व भट्टचन, संगीता थापामगर, सारा राई, विवेश मगर, श्वेता मिश्र, दुईसाङ थिङ आदिको पनि अभिनय छ ।

'बेहुली फ्रम मेघौली'को ट्रेलर रिलिज, स्वस्तिमालाई बिहेको दबाब

काठमाडौं/दर्शकको अवसर पारेर असोज १७ गते (घटस्थापना)देखि प्रदर्शनको तयारीमा रहेको फिल्म 'बेहुली फ्रम मेघौली'को ट्रेलर सार्वजनिक गरि एको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट लम्बाईको ट्रेलरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ । ३० वर्ष नकट्दै छोरीको विवाह गराउनुपर्ने दबाबमा रहेको एक परिवारको कथालाई फिल्मले पेश गरेको ट्रेलरले जनाउँछ ।

भ्रामरी दशाकालले समाल्ने भएकाले ३० वर्ष नकट्दै बिहे गर्नुपर्ने ज्योतिषको सुझावपछि अभिनेत्री स्वस्तिमा खड्काले परिवारबाट विवाहको दबाब बढ्छ । तर, उनलाई परिवारले देखाएका कुनै केटा मन पर्दैन । उनले निश्चल बस्नेतलाई मन पराएकी हुन्छिन्, तर निश्चलले अरू नै युवतीलाई मन पराउँछन् । यो अवस्थामा स्वस्तिमाको पात्रले गर्ने संघर्षलाई ट्रेलरमा हास्य शैलीमा देखाइएको छ ।

साजन काफ्ले र आकाश बरालको लेखन तथा निर्देशनमा बनेको फिल्ममा निश्चल र स्वस्तिमासहित विजय बराल, सिरु बिष्ट, सिम्रन खड्का, आमिर गौतम, बसुन्धरा भुषाल, लोकेन्द्र लेखक, रक्षा थापा, शिशिर सिवाकोटी, टीका पहारी, लुनिभा तुलाधर लगायतको अभिनय छ । स्वस्तिमा र निश्चल दम्पतीको निर्माणमा बनेको फिल्ममको कार्यकारी निर्माता भने फिरोज खड्का र शंकर पाण्डे हुन् ।

विजय बराल कास्टिङ डिरेक्टर रहेको फिल्ममा नरेन्द्र मैनालीको छायांकन, प्रदीप लामा र केवीका खत्रीको नृत्य निर्देशन, जयन जे वाइवार कुशल पोखरेलको संगीत तथा निमेष श्रेष्ठको सम्पादन छ । फिल्मको यसअघि तीनवटा गीत सार्वजनिक भइसकेका छन् । जसमध्ये 'छड्के सलाम' गीत यतिबेला चर्चामा छ । युट्युबमा लगभग ५० लाख भ्यूज पाइसकेको यो गीत टिकटक पनि चर्चित छ ।

नमूना प्रगतिको २४ औं वार्षिक साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ हेटौंडा-२ मा अवस्थित नमूना प्रगति बचत तथा ऋण सहकारी संस्थाको २४ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । बिहिबार संस्थाका अध्यक्ष मीठाराम दाहालको अध्यक्षता एवम् बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो ।

सहकारी संस्थाले गत आर्थिक बर्ष २०८०/८१ मा ४२ करोड ४ लाख ५६ हजार ८९४ रुपैयाँको कुल कारोबार गरेको र चालु आर्थिक वर्षमा ४८ करोड बराबरको कारोबार गर्ने लक्ष्य रहेको संस्थाका व्यवस्थापक बद्रीप्रसाद भण्डारीले बताए । २ हजार ५ सय ९२ जना सदस्य रहेको संस्थामा २ करोड ८५ लाख ६३ हजार दुई सय रुपैयाँ शेयरपुँजी रहेको र सहकारी संस्थाले सदस्यलाई २९ करोड ९० लाख ४ हजार ५२२ रुपैयाँ कर्जा लगानी गरेको संस्थाका ऋण प्रमुख लेखनाथ लम्सालले बताए ।

लम्सालले सहकारीमा ३२ करोड ८२ लाख ४५ हजार ४०४ रुपैयाँ बचत निक्षेप रहनुका साथै जगेडाकोषमा ३ करोड २९ लाख ७४ हजार ४२९ रकम रहेको बताए । साधारणसभाको अवसरमा सहकारीले विभिन्न विधामा सदस्यलाई सम्मान तथा पुरस्कृत गरेको थियो । पुरस्कृत हुनेमा जेष्ठ सदस्यतर्फ हरिप्रसाद सिग्देल र गोमादेवी भण्डारी, उत्कृष्ट बचतकर्तातर्फ मीनबहादुर प्रधान, प्रतिभा लम्सललाई सम्मान गरिएको थियो । त्यस्तै उत्कृष्ट ऋणी (धितो सुरक्षण) चिन्तालक्ष्मी अधिकारी, शर्मिला थापा, विष्णुप्रसाद पराजुली र वीरबहादुर न्यासुर, उत्कृष्ट व्यवसायी (पशुपालन) तर्फ सीताराम तिमल्सिना र उत्कृष्ट बालबचतकर्ता तर्फ अनुष्मा रिमाल र श्रयांश्री खतिवडालाई सम्मान गरिएको थियो ।

त्यस्तै सहकारीले २०८० सालको एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालयतर्फका प्रसन्न चौलागाई, निजी विद्यालयतर्फका स्पन्दन दाहाल, प्रतिष्ठा कार्कीलाई र प्लस टु परीक्षामा उत्कृष्ट हुने निश्चित घिमिरे र पूर्णिमा सञ्जेललाई नगद सहित पुरस्कृत गरिएको थियो । त्यस्तै स्नातकतर्फ सुस्मिता तिमल्सिना, आदर्श लामिछाने, विपना चौलागाई, प्रमिसा पौडेल, प्रमिस पौडेललाई र स्नातकोत्तरतर्फका आश्मा शर्मा पौडेललाई नगद सहित पुरस्कृत गरिएको थियो ।

त्यस्तै सहकारी संस्था ऋणप्रमुख लेखनाथ लम्सललाई उत्कृष्ट कर्मचारीको रुपमा कदरपत्र सहित सम्मान गरिएको थियो । साधारणसभाकै अवसरमा पत्रकारि तामार्फत सहकारीक्षेत्रको विकासमा योगदान पुऱ्याएवापत समुद्रसमाज दैनिकका प्रधानसम्पादक सुरेश श्रेष्ठलाई नगदसहित सम्मान गरिएको थियो । साधारणसभामा संस्थाका उपाध्यक्ष तथा बागमती प्रदेशसभा सदस्य एकाबाल श्रेष्ठ, राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्रीर्प्रसाद लम्साल, बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायणप्रसाद देवकोटा, केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका सञ्चालक विदुर हुमागाई, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कडेल, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरकी उपाध्यक्ष मीनाकुमारी चौरेल, हेटौंडा उपमहानगरका उद्योग, पर्यटन तथा सहकारी शाखाप्रमुख हिमप्रसाद पौड्ल, राष्ट्रिय सहकारी बैंकका बागमती प्रदेशप्रमुख रामेश्वर अर्यालनगायतको आतिथ्यता रहेको थियो ।

साधारणसभाले संस्थाका अध्यक्ष दाहालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन सहितको भावी नीति तथा कार्यक्रमका साथै कोषाध्यक्ष केशवप्रसाद देवकोटाले प्रस्तुत गरेको गत आथिक वर्षको वित्तीय विवरण र चालु आर्थिक वर्षको लागि अनुमानित बजेट अनुमोदन गरेको छ । सहकारी संस्थाले हेटौंडा-२ मा रहेको मूख्य कार्यालय र हेटौंडा-१७ मा रहेको सदस्य सेवाकेन्द्रमार्फत् सदस्यलाई सेवाप्रदान गर्दै आईरहेको छ । संस्थामा हाल ६ जना कर्मचारी कार्यरत छन् ।

पालुङ बहुउद्देश्यीय सहकारीद्वारा सहुलियत पसल संचालन

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/थाहा नगरपालिकामा रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले आफ्ना सदस्य तथा उपभोक्तावर्गलाई लक्षित गरी सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको छ ।

थाहा नगरपालिका उपप्रमुख भरत गोपालिले एक कार्यक्रम बीच सहुलियत पसलको औपचारिक उद्घाटन गरेका छन् । उपभोक्तालाई सहुलियत दरमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने उद्देश्यले साल्ट ट्रेडिङ कर्पोरेसनको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालनमा ल्याइएको पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर बिष्टले बताए । उनले आफ्नो सेवा बिस्तार गर्ने क्रममा खरिद मूल्यमा थोरै मार्जिन राखेर साल्ट ट्रेडिङकै रेटमा उपभोक्ताहरुलाई दैनिक उपभोग्य सामान उपलब्ध गराइने जानकारी दिए । संस्थाका उपाध्यक्ष अरुण रायमाझीले साल्ट ट्रेडिङको आधिकारीक बिक्रेता भएको हुँदा कालिमाटीकै मूल्यमा सामान बिक्री गरिने बताए ।

थाहानगर उपप्रमुख गोपालीले थाहाका उपभोक्ताले सुलभ मूल्यमा सामान पाउनु खुशीको कुरा भएको बताउँदै शुलभ सहित गुणस्तरमा पनि ध्यान दिनुपर्ने बताए । यसअघि कोरोना महामारीको समयमा पनि थाहा नगरपालिकामा खाध्यान्न संकट टार्न यस्तै सहुलियत खाद्यान्न बिक्री केन्द्र संचालन गरिएको थियो ।

बागमती सरकारद्वारा कृतिम खुट्टा र ह्विल चेयर सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ संविधान दिवसको अवसरमा काठमाडौंस्थित पशुपति गौशाला धर्मशालामा अपाङ्गता भएका व्यक्तिलाई कृतिम खुट्टा र ह्विल चेयर उपलब्ध गराइएको छ ।

बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय, सामाजिक विकास मन्त्रालय, मारवाडी सेवा समिति नेपाल र पशुपति गौशाला धर्मशालाद्वारा संयुक्तरुपमा कृतिम खुट्टा र ह्विल चेयर निःशुल्क वितरण गरिएको हो । बागमतीका स्वास्थ्यमन्त्री किरण थापाले अपाङ्गता भएका व्यक्तिलाई कृतिम खुट्टा र ह्विल चेयर वितरण गरे । ७ जनालाई ९ वटा कृतिम खुट्टा र ६ जनालाई व्हिल चेयर उपलब्ध गराइएको छ ।

मन्त्री थापाले मानवीय सेवामा बागमती सरकार सदैव तत्पर रहेको बताए । खुट्टा नभएकै कारण कष्ट खेप्नुपरेको अपाङ्गता भएका व्यक्तिको भावना बुझेर सहयोग गरिएको उनले बताए । 'अशक्तको सारथी बन्नुपर्छ भनेर संविधान दिवसका दिन सहयोग उपलब्ध गराइएको हो । विगतमा पनि आफूले व्यक्तिगत रुपमै स्वास्थ्य सामग्री सहयोग गर्दै आएको छु' उनले भने ।

मारवाडी सेवा समिति नेपाल र पशुपति गौशाला धर्मशाला लगायतका संस्थासँग निःशुल्क शवबाहन सञ्चालन, अस्पतालमा प्रतिछाक ४० रुपैयाँमा खाना खुवाउने कार्यको पनि सम्झौता हुने क्रममा रहेको मन्त्री थापाले जानकारी गराए । शुद्ध पिउने पानीको लागि विभिन्न अस्पतालमा ४ लाख बराबरको वाटर प्युरिफायर पनि राख्ने तयारी भएको उनको भनाई छ ।

हेटौंडाबाट करोड बढीको अवैध कपडासहित दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ भन्सार छली ल्याएको एक करोड बढी मूल्यको अवैध लत्ताकपडासहित भारतीय नागरिक हेटौंडाबाट पक्राउ परेका छन् ।

मकवानपुर प्रहरीले बुधवार १५ नम्बर वडाको रातोमाटेबाट अवैध कपडा नियन्त्रणमा लिएको हो । रातोमाटे भारतीय सीमावर्ती बजार रक्सौलसँग जोडिएको बीरगञ्जबाट हेटौंडा प्रवेश गर्ने प्रमुख नाका हो । पूर्व-पश्चिम राजमार्ग हुँदै सुनसरीबाट काठमाडौं लैजान खोजिएको अवैध लत्ताकपडा बरामद गरी दुई जनालाई नियन्त्रणमा लिइएको मकवानपुरका प्रहरीप्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए ।

सुनसनरी नाकाबाट अवैध कपडा बोकेर ट्रक आएको भनिएको छ । तर, नाकाको भन्सार, सुनसरीदेखि हेटौंडासम्मको प्रहरी चेकपोष्टलाई छक्याएर आउन सक्ने ट्रकको तागत भने रहस्यमय छ । भारतीय व्यक्तिले अवैध कपडा बोकेर हेटौंडासम्म आइपुग्नुले भन्सार निकाय र सुरक्षा संयन्त्रमाथि गम्भीर प्रश्न उठेको छ ।

एपसी रिजालले आफूलाई विशेष सूचना आएको बताएका छन् । रिजाललाई आएको सूचना सुनसरीदेखि हेटौंडासम्मका प्रहरी चेकपोष्ट मात्र नभई सुनसरी नाका भन्सार र बाराको थपलैयास्थित राजश्व अनुसन्धान कार्यालयलाई सूचना आएन होला ? यो प्रश्न भने अनुत्तरित छ ।

बीआर ०५ जीडी १३४३ नम्बरको भारतीय ट्रकमा ल्याइएको कपडा एक करोड ३५ लाख रुपैयाँ मूल्य बराबरको रहेको एसपी रिजालले बताए । प्रहरीले ट्रक चालक भारतको बिहार प्रदेशको मोतिहारी जिल्ला पूर्वीचम्पारण सपही बस्ने ३० वर्षीय जन्दार आलम र सहचालक बिहार, पूर्वीचम्पारण चौलाहा कलोनी बस्ने १९ वर्षीय मुना मियालाई पक्राउ गरेको हो ।

ट्रकभित्र प्रहरीलाई झुक्याउन आलुको बोरा राखिएको थियो । ट्रकमा ३ सय ४५ बोरा आलुको भन्सार बिल बनाएर प्रतिबोरा ५० किलोको दरले २ सय ६४ बोरा आलु राखिएको एसपी रिजालले जानकारी दिए । उनकाअनुसार आलुको बोरा राखिएको सँगै ट्रकको भित्री भागमा ७४ वटा बोरामा तयारी कुर्ता, रोलसहितको सर्ट र पाईन्टको कपडा ल्याइएको थियो ।

बिपिपी युनिभर्सटीका लागि निशुल्क काउन्सिलिङ

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ लण्डन (युके)मा रहेको बिपिपी युनिभर्सटीका लागि स्नातक र स्नाकोत्तर अध्ययनका लागि हेटौंडामा फ्रान्कलिन कन्सल्टेन्सीले निशुल्क काउन्सिलिङ गरेको छ ।

विहीबार कन्सल्टेन्सीले करिब ४२ भन्दा बढी विद्यार्थीलाई काउन्सिलिङ गरेको कन्सल्टेन्सीका प्रबन्धकनिर्देशक आलोक श्रेष्ठले बताए । उनले प्लस टु तथा व्याचलर गरेर बसेका विद्यार्थीलाई उनीहरुको शैक्षिक प्रमाणपत्र र सामान्य अन्तर वार्ता लिएर अध्ययनका लागि आवश्यक प्रक्रिया गरिदिने बताए । मापदण्डमा परेका विद्यार्थीलाई अन द स्पट अफर लेटर दिने गरी कार्यक्रम आयोजना गरिएको बताए । काउन्सिलिङमा १० जनालाई अन द स्पट अफर लेटर इस्यू गरेको श्रेष्ठले बताए ।

हाम्रो मुख्य कार्यालय युकेमा रहेको र क्यानडाका साथै नेपालको काठमाडौं, पोखरा, हेटौंडा र बागलुङमा शाखा कार्यालय रहेको श्रेष्ठले बताए । काउन्सिलिङमा नेपाल/भारतका सेल्स तथा मार्केटिङ निर्देशक तरुणजीत सिंह सहितको टोलीको सहभागिता थियो । पास भएका विद्यार्थीलाई ३ वर्षे स्नात्तक अध्ययनका लागि ११ हजार पाउण्डस्टर्लिङ खर्च लाग्छ भने १ वर्षे स्नाकोत्तर अध्ययनका लागि १३ हजार सात सय पाउण्ड खर्च लाग्ने श्रेष्ठले बताए ।

कन्सल्टेन्सीले युके अध्ययनका लागि एक सय भन्दा बढी र क्यानडाका लागि ५० भन्दा बढी विद्यार्थी पठाईसकेको श्रेष्ठले बताए । प्रोसेसको सम्पूर्ण कार्य कन्सल्टेन्सीले गर्ने भएकाले विभिन्न समयमा काउन्सिलिङका कार्यक्रम राख्दै आइरहेको उनले बताए । उनले आगामी असोज ७ गते सोमबार पनि मकवानपुरका विभिन्न विद्यालयका शिक्षक, विद्यालय तथा कलेजका सञ्चालक, कन्सल्टेन्सीका सञ्चालकलाई युनिभर्सटी इज लण्डनको बारे विशेष जानकारी दिने उद्देश्यले गीतसंगीत कार्यक्रम सहित अन्तरक्रिया गर्ने तयारी रहेको बताए । हेटौंडामा सयौं संख्याको सहभागितामा कार्यक्रम गर्ने जनाइएको छ ।

सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पऱ्यो विदेश ?

हामी कहाँ आउनूस्

छानीछानी सुमो किनेर

आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा

हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

Singhabahini Moto Corp Pvt. Ltd.

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

सादर आमन्त्रण

जन्म: २००७-०१-१५ स्वर्गारोहण: २०८१-०५-२४

स्व. लिलाकुमारी पाठक

हाम्रा प्रात:स्मरणीय ममतामयी माता **लिलाकुमारी पाठक**को निधन भएकोमा उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । शोकको यस घडीमा साथमा पाल्नुहुने, समवेदना तथा सहयोग गर्नुहुने सम्पूर्ण इष्टमित्र तथा छरछिमेकीप्रति आभारी हुँदै १३ औं दिनको पुण्यतिथि निम्न मिति, समय र स्थानमा हुने भएकोले पितृप्रसाद ग्राहणका लागि उपस्थित भइदिनुहुनु सादर आमन्त्रण गर्दछौं ।

कार्यक्रम

मिति : २०८१-०६-०५ गते शनिबार

स्थान : निजी निवास (हेटौंडा-१०, डिभिजन सडक कार्यालय नजिक)

समय : दिउँसो ३:०० बजे

छोरा/बुहारी: रामकाजी/मिनाकुमारी पाठक, श्यामकुमार पाठक/उषा पौडेल

छोरीहरु: निर्माला पाठक चौहान, गीता पाठक महत

एवम्

समस्त पाठक परिवार

हार्दिक श्रद्धाञ्जली

जन्म: २००६/११/०७ स्वर्गारोहण: २०८१/०५/२३

स्व. हक्किराम भट्टराई

यस सामाजिक संस्कार सेवा समितिका सदस्य **हक्किराम भट्टराई**को देहावसान भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै साग्रमा पाल्नुहुने सम्पूर्ण महानुभावहरुलाई पितृप्रसाद ग्रहणको लागि हेटौंडा कर्मस्थित आफ्नै निवासमा दिउँसो २:३० बजे पाल्नुहुन हार्दिक आमन्त्रण गर्दछौं ।

अमर लामा (अध्यक्ष) एवम्

सामाजिक संस्कार सेवा समिति

हेटौंडा-४, परिवार

साधारणसभासम्बन्धी सूचना !

यस नवयुवा बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-११, को १६ औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा हुन गइरहेको हुँदा सम्पूर्ण शेयर सदस्यहरुलाई पत्र पठाइसकिएको छ, कारणवस पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उक्त गरिमामय साधारणसभामा उपस्थित भइदिनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

साधारणसभा हुने:

मिति : २०८१ असोज ५ गते शनिबार

समय : विहान १०:३० बजे

स्थान : नवलपुर पार्टी प्यालेस, हेटौंडा-११, नवलपुर (पुरानो जेम्स बोर्डिङ, स्कूलनजिक)

फूलमान श्रेष्ठ (अध्यक्ष)

नवयुवा बचत तथा ऋण सहकारी संस्था लि.

हेटौंडा-११, मकवानपुर

सम्पर्क नं. : ०५७-५२४७३४

असोज ७ गतेबाट तपाईंको सेवामा

DFSK EC 36

"हाम्रो सुमो सेवाको नौलो प्रस्तुती"

हाम्रो ई.भी. सेवा

हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो

काठमाण्डौं काउन्टर:-०१-५४०४४४४, ९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८

सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी

मुख्य कार्यालय, हेटौंडा :-०५७-५२१०४० पुरानो मकवानपुररोड

सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना